चिशंखुगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सेर्ना, ओखलढुंगा

कोशी प्रदेश, नेपाल


पत्र संख्याः २०८१/०८२
चलानी नं.: ६०४

मिति : २०८१/१०/०४
नेपाल संवत्: ११४५ पोहेलागा ४, शुक्रबार

**जो जससँग सम्बन्धित छ।**

**विषय: रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।**

प्रस्तुत विषयको सम्बन्धमा ओखलढुंगा जिल्ला चिशंखुगढी गाउँपालिका वडा नं.-०२ मा सञ्चालित श्री सरस्वती माध्यमिक विद्यालय, खानीभञ्ज्याङ्ग पोखरेमा निम्न माध्यमिक तह तृतीय श्रेणी अंग्रेजी विषयको शिक्षक दरबन्दी रिक्त भएकाले सो रिक्त पदमा पदपूर्ति गर्नको लागि विद्यालय व्यवस्थापन समितिको मिति २०८१/१०/०३ गतेको निर्णयानुसार उक्त पदमा शिक्षक सरुवा प्रक्रिया अगाडि बढाई दिनुहुन भनि विद्यालयको चलानी नं. १६१, मिति २०८१/१०/०४ गतेको पत्रबाट अनुरोध भई आएको हुँदा समान तह र योग्यता पुगेका स्थायी शिक्षकहरुबाट सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र शिक्षा नियमावली, २०५९ को अनुसूची-१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा शिक्षक सरुवा निर्देशिका, २०८१ को दफा-९ बमोजिम आवेदनको लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्च:

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना saraswatischool1211@gmail.com मार्फत समेत आवेदन पेश गर्न सकिनेछ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त भएका आवेदन माथि कुनै कारबाही हुने छैन।
३. थप जानकारीको लागि सम्पर्क: ९८६२२९५३५२ (विद्यालय प्रशासन)

**सिताराम राई**
**प्रमुख प्रशासकीय अधिकृत**

सिताराम राई
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

**१. श्री शिक्षा विकास तथा समन्वय इकाइ, ओखलढुंगा।**
**२. श्री सूचना प्रविधि शाखा चिशंखुगढी गाउँपालिका सेर्ना, ओखलढुंगा।**
**३. श्री सरस्वती माध्यमिक विद्यालय खानीभञ्ज्याङ्ग, चिशंखुगढी गाउँपालिका -०२ पोखरे, ओखलढुंगा।**